
Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 1



नयाँ नेपालको निर्माण बालबालिकाको साथमा थालौं

# नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान

## राष्ट्रिय अभियान–२००९

# संक्षिप्त प्रतिवेदन

नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान
राष्ट्रिय अभियान संयोजन सचिवालय
सिविन-नेपाल, रवीभवन, काठमाडौं

# हार्दिक आभार

यस अभियानलाई जिल्ला जिल्लामा पुऱ्याउने सम्पूर्ण आयोजक संस्थाहरु, सहभागी बालबालिका लगायतका सम्पूर्ण महानुभावहरुको क्रियाशिलतामा नै बालअधिकारको लहर सिर्जना गर्न यो अभियान सफल भएको छ । जिल्ला जिल्लामा आयोजित कार्यक्रमको लागि स्थानीय रुपमा नै श्रोत परिचालन गरिएको थियो । तसर्थ देश व्यापी रुपमा स्थानीय स्तरमा श्रोत, साधन, जनशक्ति र समय प्रदान गर्ने सबै आयोजकहरु तथा अभियानमा सहभागी हुने सम्पूर्ण निकाय, संघसंस्था र व्यक्तिहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं । अभियानलाई सफल बनाउन राष्ट्रिय स्तरमा भएका सम्पूर्ण कार्यक्रमहरु, अभियानका प्रचार प्रसार सामाग्री तथा प्रकाशनहरु, बालअधिकार बस संचालन लगायतका लागि मुख्य श्रोत उपलब्ध गराउने प्लान–नेपाल प्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसै गरी बालअधिकार बस सञ्चालनमा आशिंक सहयोग उपलब्ध गराउने सिपीसियस इन्टरनेशनल प्रति पनि आभार व्यक्त गर्दछौं । यस अतिरिक्त अभियानमा सहभागी हुन सबै जिल्ला बालकल्याण समितिलाई परिपत्र जारी गर्ने केन्द्रिय बालकल्याण समिति तथा आफ्ना सम्पूर्ण साझेदार संस्थाहरुलाई क्रियाशिल बनाई अभियान सफल पार्न सहयोग पुऱ्याउने सेभ द चिल्ड्रेन, सिजोप प्रति पनि हार्दिक आभार प्रकट गर्दछौं । काठमाण्डौंमा आयोजक समितिमा रहेर आफ्ना सबै नेटवर्कहरुलाई परिचालन गर्ने विभिन्न राष्ट्रिय नेटवर्कहरु तथा महासंघहरु एवम् अन्य सम्पूर्ण संघसंस्था, निकायहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछौं ।

बालअधिकार बसबाट लामो यात्रा गर्दै बालअधिकारको लहर सिर्जना गर्न सघाउने बसयात्रा टोली, सोको साथमा रहेको अभियानलाई आकर्षक बनाउन नाटक प्रर्दशन गर्ने बालबालिका लगायतका कलाकार टोली, बालअधिकार बसलाई जिल्ला जिल्लामा स्वागत गर्दै बिशेष सचेतना कार्यक्रममा सहभागी हुने सम्पूर्ण महानुभावहरु तथा सचिवालयमा रहेर अभियानको व्यवस्थापन, सूचना प्रवाह, जिल्ला समन्वय, सूचना संकलन तथा प्रतिवेदन तयार लगायतमा सहयोग पुऱ्याउने सबै प्रति हार्दिक आभार प्रकट गर्दछौं । सबैको सहभागिता र क्रियाशिलताले नै यो साझा राष्ट्रिय अभियान बन्न पुगेको हो । बालअधिकार सबैको सरोकार हो, त्यसैले हामी सबैको प्रयत्नबाट नै नयाँ संविधानमा बालअधिकारको पूर्ण सम्मान हुनेछ ।

**तारक धिताल**
संयोजक
राष्ट्रिय अभियान संयोजन सचिवालय

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 3





# नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान

## राष्ट्रिय अभियान २००९
## संक्षिप्त प्रतिवेदन

प्रकाशन सहयोगः

Plan
Be a part of it.

प्लान नेपाल

प्रकाशकः

राष्ट्रिय अभियान संयोजन सचिवालय
सिविन नेपाल, रवीभवन, काठमाडौं

नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान !

# राष्ट्रिय अभियान २००९

## राष्ट्रिय अभियानको पृष्ठभूमि

आम नेपालीको चाहना अनुरुप देश गणतान्त्रिक लोकतन्त्रमा प्रवेश गरिसकेको छ । बहु प्रतिक्षित नयाँ संविधानको निर्माणको थालनी पनि भैसकेको छ । यो अत्यन्त महत्वपूर्ण ऐतिहासिक अवसर हो जहाँ आम नेपालीले संविधान निर्माणमा आफ्नो सहभागिता जनाउन पाउनेछन् । देशको राष्ट्रिय अखण्डता, लोकतन्त्र र समावेशीकरणलाई संस्थागत गर्दै हरेक तह, वर्ग र क्षेत्रका जनताका अधिकार सुनिश्चित गर्न सबै सचेत र क्रियाशील हुनुपर्ने समय आएको छ । संविधान निर्माणका लागि जनताद्वारा चुनिएका सभासद्लाई अब बन्ने संविधानमा के कस्ता कुरालाई समावेश गरिनुपर्दछ भन्ने बारेमा सचेत गराउनु र व्यवस्थित ढंगले सुझाव दिनु हामी सबै नागरिकको दायित्व हो ।

सामान्यतया बयस्कहरुका अगाडि बालबालिकाको कुरा ओझेलमा पर्ने गरेका छन् । तर बालबालिकाको उचित संरक्षण विना कुनै पनि देश सम्बृद्ध बन्न सक्दैन । तसर्थ बालबालिकाको अधिकारलाई संवैधानिक रुपमा स्थापित गर्नका लागि बालबालिकाका क्षेत्रमा क्रियाशील संघ-संस्था, निकाय तथा बालबालिका समेतको सहभागितामा राष्ट्रब्यापी रूपमा जागरण तथा बालबालिकाका बिषयबस्तु एवम् विचार संकलन गर्न “नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान” भन्ने मूल नाराका साथ राष्ट्रिय अभियान थालनी गरिएको हो ।

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 5



यो अभियान बालबालिका तथा बालबालिकाका निम्ति क्रियाशील संघ-संस्था र निकायको संयुक्त संयोजन तथा सहभागितामा सञ्चालित एक मात्र राष्ट्रव्यापी साझा अभियान हो । यो अभियान पूर्व मेची देखि पश्चिम महाकालीसम्म, हिमाल भेग देखि तराई मधेशसम्मका विभिन्न जिल्लामा स्थानीय निकाय तथा संघ-संस्थाहरुकै नेतृत्व तथा बालबालिका समेतको सहभागितामा सञ्चालित भएको छ । जिल्ला जिल्लामा सहभागि भएका सबै ७३९ संस्थाहरु तथा निकायहरु नै यस राष्ट्रिय अभियानका आयोजक हुन् । यस अभियानलाई व्यवस्थित तथा संयोजन गर्ने कार्य राष्ट्रिय सचिवालयको रुपमा सिविन-नेपालको केन्द्रिय कार्यालय, काठमाडौंबाट भएको छ ।

## राष्ट्रिय अभियानका उद्धेश्यहरू

१) नयाँ संविधानमा समेटिनु पर्ने बालबालिकासँग सम्बन्धित विषयवस्तुहरु राष्ट्रब्यापी रूपमा प्रत्यक्षरुपमा बालबालिकाहरुमाझ गएर जिल्ला जिल्लाबाट संकलन गर्ने,

२) राष्ट्रब्यापी रूपमा बालअधिकार प्रति संवेदनशील संविधान निमार्णको निम्ति व्यापक जनचेतनाको लहर सिर्जना गर्ने,

३) देशब्यापी रुपमा संकलित विषयहरुलाई एकिकृत गरी संविधानमा बालबालिकाका विषयलाई प्राथमिकता दिन संविधान सभामा सुझाव पेश गर्ने ।



Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 6



# राष्ट्रिय अभियानका कार्यक्रमहरु

## १) "मैले चाहेको संविधान" बिषयक बालबालिकाको राष्ट्रव्यापी निबन्ध प्रतियोगिता तथा नयाँ संविधानमा सम्बोधन गरिनुपर्ने बालबालिका सम्बन्धी विषयवस्तुहरु संकलनः

"मैले चाहेको संविधान" बिषयक बालबालिकाको राष्ट्रव्यापी बालनिबन्ध प्रतियोगिताबाट नयाँ संविधानमा बालअधिकार सुनिश्चितताको निम्ति रचनात्मक विचार र सुझाव संकलन गरिएको छ । यस मार्फत देशका विभिन्न भागका विभिन्न समुदाय र पृष्ठभूमिका बालबालिकाले नयाँ संविधानमा आफ्नो मत रचनात्मक हिसाबले दिने अवसर पाएका छन् ।

यस राष्ट्रिय प्रतियोगितामा सहभागी ४३ जिल्ला मध्ये अधिकांश जिल्लाहरुमा जिल्ला स्तरीय निबन्ध प्रतियोगिता सम्पन्न गरी उत्कृष्ट ठहरिएकालाई मात्रै जिल्ला आयोजक समितिले केन्द्रमा पठाएका थिए । यसरी जिल्लास्तरमा उत्कृष्ट ठहरिएका बालबालिकालाई पुरष्कृत समेत गरिएको थियो । कतिपय जिल्लाहरुबाट भने सोझै सचिवालयमा निबन्धहरु प्राप्त भएका छन् । सचिवालयमा प्राप्त ६५७ निबन्धहरुका अतिरिक्त जिल्ला जिल्लामा संकलन भएका समेत निबन्धहरुलाई गणना गर्ने हो भने यस अभियान अन्तर्गत करीब ३००० बालबालिकाहरु यस प्रतियोगितामा सहभागी भएका थिए ।



यस प्रतियोगिताबाट छानिएका २५ उत्कृष्ट निबन्धहरुलाई पुस्तकको रुपमा प्रकाशित गरिएको छ भने उत्कृष्ट प्रथम, द्वितीय, तृतीय तथा दुई सान्त्वना पुरस्कार

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 7



स्वरुप क्रमशः रु. पाँचहजार, चारहजार, तीनहजार तथा एक–एक हजारको व्यवस्था समेत गरिएको छ। उक्त निबन्धहरुको छनौटका लागि देशका बाल साहित्यकार एवं निबन्धकारद्वय श्री नरनाथ लुईटेल तथा श्री बिजय चालिसेले निर्णायकको भुमिका निभाउनु भएको छ ।

यसका अतिरिक्त राष्ट्रब्यापी रूपमा विभिन्न जिल्लामा बालबालिका र तिनका समूहहरु तथा बालबालिकासँग क्रियाशील संघ-संस्था एवम् सरोकारवालाहरुको भेला गरेर नयाँ संविधानमा सम्बोधन गरिनुपर्ने बालबालिका सम्बन्धी विषयवस्तुहरु समेत संकलन गरिएको छ । यसरी जिल्लास्तरीय रुपमा २६ जिल्लामा सुझावहरु तयार गरिएका छन् । बालअधिकार बस पुगेका ३६ जिल्लाहरुमा उक्त बसमा गएको अभियान टोलीले प्रत्यक्ष रुपमा हजारौं बालबालिकासँग छलफल, अन्तरक्रिया गरी सुझाव संकलन गरेको छ । यस बाहेक करिब १ हजार ३ सय ५१ जना बालबालिकाहरुले व्यक्तीगत रुपमा नयाँ संविधानमा आ-आफ्ना सुझाव लेखी पठाएका थिए। यसै गरी ४४ जिल्लाका विभिन्न विद्यालयहरुबाट नयाँ संविधानमा समेटीनु पर्ने बालबालिकाका बिषयहरुका सम्बन्धमा अभियानद्वारा वितरित फारममा उल्लेख गरिएका सुझावहरु समेत प्राप्त भएका थिए ।

**"मैले चाहेको संविधान" बिषयक राष्ट्रिय निवन्ध प्रतियोगितामा सहभागिता जनाएका ४३ जिल्लाहरु**

बाजुरा, कञ्चनपुर, कैलाली, जुम्ला, जाजरकोट, सुर्खेत, बर्दिया, बाँके, रुकुम, रोल्पा, दाङ्ग, मुस्ताङ्ग, पर्वत, बाग्लुङ्ग, पाल्पा, रुपन्देही, नवलपरासी, कास्की, स्याङ्गजा, लम्जुङ्ग, गोरखा, तनहूँ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काठमाडौं, भक्तपुर, काभ्रे, मकवानपुर, चितवन, पर्सा, रौतहट, दोलखा, रामेछाप, धनुषा, सोलुखुम्बु, खोटाङ्ग, सिराहा, सप्तरी, भोजपुर, धनकुटा, सुनसरी, मोरङ्ग

**जिल्लास्तरिय रुपमा बालबालिकाको सुझाव तयार गरिपठाउने २६ जिल्लाहरु**

बारा, बाजुरा, बाग्लुङ, बाँके, चितवन, डोल्पा, हुम्ला, कालिकोट, कास्की, काभ्रेपलान्चोक, कञ्चपुर, खोटाङ, लमजुङ, मकवानपुर, मुगु, पाल्पा, रोल्पा, सल्यान, सुनसरी, सिन्धुपाल्चोक, सुर्खेत, तनहुँ उदयपुर, मोरङ, रुकुम, संखुवासभा

## २) बालबालिकाको दश लाख औठा छाप संकलनः

यस अभियान देशव्यापी रुपमा "नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान" भन्ने मूल नारालाई समर्थन गर्दै बालबालिकाको दश लाख औठा छाप संकलन गर्न सफल भएको छ ।

यसका लागि विभिन्न विद्यालयहरु, संघ संस्था तथा निकाय, बालक्लब सबैको क्रियाशिलता रहेको थियो भने विद्यालय बाहिर रहेका बालबालिकाहरु माझ समेत यो अभियान पुगेको छ । शहर देखि गाउँसम्म, हिमाल-पहाड देखि तराई-मधेशसम्म, पूर्व मेची देखि पश्चिम महाकालीसम्म, विद्यार्थी देखि श्रमिकसम्म, सडक देखि बालगृहसम्म, घरपरिवार देखि सुधारगृहसम्म जताजतै रहेका बालबालिकाले संविधानमा बालअधिकारको सुनिश्चितताका लागि औंठा छाप लगाएर आफ्नो सहभागिता जनाएका छन् । यसरी जिल्ला जिल्लाबाट एकीकृत बालक र बालिकाको आकृति युक्त कपडामा संकलित रङ्गिन तथा आकर्षक दश लाख औठाछाप राष्ट्रिय मूल कार्यक्रममा प्रदर्शित गरिएको छ । यसै समारोहमा नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मानको सशक्त आवाज उठाउँदै बालबालिकाका दश लाख औंठाछापको एक आकर्षक प्रतिक संविधान सभालाई हस्तान्तरण गरिएको छ ।



Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 9



यस ऐतिहासिक राष्ट्रव्यापी अभियान मार्फत संकलित यी औंठाछापले लाखौं बालबालिकाका भावना र विचार अभिव्यक्तिको प्रतिनिधित्व गरेका छन् । यसले नयाँ संविधानको निर्माण बालअधिकारको सुनिश्चितता बिना अपूर्ण हुने तथ्यलाई स्पष्टताका साथ औंल्याइ रहने छ । यी औंठाछापले भविष्यमा पनि बालअधिकार सम्बन्धी राज्यका प्रतिवद्धताहरुलाई सम्झना दिलाउन मद्दत गर्नेछ भने लाखौं बालबालिकाले देशको संविधान निर्माण प्रक्रियामा पुऱ्याएको महत्वपूर्ण योगदानलाई समेत कदर गर्न सबै वयस्कहरुलाई झक्झक्याउने छ ।

## ३) बालअधिकार बसः नयाँ संविधानमा बालअधिकार सुनिश्चितताको निम्ति जनचेतना र प्रचारप्रसार

यस राष्ट्रिय अभियानमा बालअधिकार आन्दोलनमा पहिलो पटक नितान्त नौलो "**बालअधिकार बस**" सञ्चालन गरियो । नेपालमा पहिलो पटक विभिन्न सचेतनाका कोसेलीले भरिएको "बालअधिकार बस" देशव्यापी जागरण अभियानका लागि सञ्चालन गरिएको हो । उक्त विशेष बस विभिन्न ३६ जिल्ला पुग्न सफल भएको छ । समुदाय तथा बालबालिकासँग प्रत्यक्ष सम्पर्क गरी उनीहरुको सुझाव संकलन तथा उनीहरुको आवाज बुलन्द बनाउन यस बसको सञ्चालन गरिएको हो ।



यस अभियानको औपचारिक शुरुवात भएकै दिन (२०६५ चैत्र ३०) बालअधिकार बस पनि विभिन्न जिल्ला प्रस्थान गरेको थियो । यस अवसरमा एउटा बालअधिकार बस पूर्व प्रस्थान गरेको थियो भने अर्को बालअधिकार बस पश्चिम प्रस्थान गरेको थियो ।

यी बसहरु जहाँ जहाँ पुगे स्थानीय समुदाय तथा बालबालिकाको बाक्लो उपस्थितिमा कतै बाजागाजा त

कतै बाटाभरी घडा राखेर, कतै टिका फुलमाला त कतै खादा पहिऱ्याएर आ–आफ्नै ढंगले भव्य स्वागत गरेका थिए । बस पुगेका जिल्लाहरुमा सोही दिन मूल संचेतना कार्यक्रम आयोजना गरिएका थिए । यी बसहरु पुगेका जिल्लामा व्यापक जनसहभागितामा विविध झाँकी सहितका ऱ्यालीहरुको समेत आयोजना गरिएका थिए । यसका साथै जिल्ला जिल्लामा यस अभियानको निमित्त बनाइएका जिल्ला आयोजक समितिहरुले अभियानलाई सफल बनाउन अन्य विविध कार्यक्रमहरु सञ्चालन गरेका थिए । यस्ता अधिकांश कार्यक्रमहरु बालबालिकाकै नेतृत्वमा सञ्चालन भएका थिए । यी कार्यक्रमहरुमा स्थानीय संघसंस्था तथा निकायका प्रमुखहरु, समाजका विभिन्न वर्ग, क्षेत्रमा क्रियाशील तथा स्थानीय एवम् राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यक्तिहरुबाट बालअधिकारको सम्मानमा ऐक्यबद्धता जनाइएको थियो ।

"बालअधिकार बस"मा बालअधिकारकर्मी तथा बालबालिका सहितको सडक नाटक समूह सहभागी थिए । यसरी बसहरु पुगेका ठाउँहरुमा नयाँ संविधान र बालअधिकारसँग सम्बन्धित गीत तथा सडक नाटक मञ्चन गरिएको थियो । जुन जनसमुदाय र बालबालिकाले निकै मन पराएका थिए । प्रायः सबै जिल्लामा बालबालिकाले यी कार्यक्रमहरुमा स्थानीय विषयवस्तुलाई केन्द्र बनाई सडक नाटकहरु, गीतहरु, नाचहरु समेत प्रस्तुत गरेका थिए । "बालअधिकार बस" पुगेको एक जिल्लाबाट नजिकका अरु केही जिल्लासम्मका लागि स्थानीय बालअधिकारकर्मी तथा बालबालिका समेत सहभागी भएका थिए । "बालअधिकार बस" जहाँ पुग्यो, त्यहाँ बालअधिकारको लहर सिर्जना भएको थियो भने यसले बालबालिकाका सुझाव तथा औंठाछाप समेत संकलन गरेको थियो ।

उक्त बालअधिकार बस पुग्न नसकेका जिल्लाहरुमा स्थानीय संघसंस्थाहरुको पहलमा विविध कार्यक्रमहरु सम्पन्न भएका छन् ।

**बालअधिकार बस पुगेका ३६ जिल्लाहरुः**

कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, सुर्खेत, दाङ्ग, रुपन्देही, कपिलवस्तु, पाल्पा, स्याङ्गजा, कास्की, बाग्लुङ्ग, पर्वत, लमजुङ्ग, तनहुँ, धादिङ्ग, काठमाण्डौ, भक्तपुर, ललितपुर, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, चितवन, मकवानपुर, रौतहट, पर्सा, बारा, सर्लाही, महोत्तरी, धनुषा, सप्तरी, सिराहा, उदयपुर, सुनसरी, मोरङ्ग, झापा र ईलाम

## ४) अन्तरक्रिया तथा नयाँ संविधानमा बालअधिकार सुनिश्चितता प्रति विभिन्न सरोकारवालाहरुको प्रतिवद्धता

जिल्ला स्तरीय कार्यक्रमहरु संगै विभिन्न जिल्लाहरुमा बालअधिकार र नयाँ संविधानको बारेमा राजनैतिक प्रतिनिधिहरु, भातृ संगठनहरु, महासंघहरु, पेशागत संघसंस्थाहरु, सभासद्हरु एवं अन्य सरोकारवालाहरु बीच अन्तरक्रियाहरुको आयोजना गरिएको थियो । यी कार्यक्रमहरुमा सरोकारवालाहरुले बालअधिकारलाई नयाँ संविधानमा सुनिश्चित गर्न आ-आफ्नो तर्फबाट भूमिका निभाउने प्रतिवद्धता जनाइएको थियो । यसका साथै जिल्लाहरुमा व्याप्त बालअधिकार हनन्का बिषयलाई प्राथमिकता दिई बालअधिकार संरक्षण र सम्वर्द्धनमा लाग्न समेत संस्था तथा व्यक्तिगत प्रतिज्ञा व्यक्त गरिएको थियो ।



Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 12




संविधानमा बालअधिकार सुनिश्चित गर्न कतिपय जिल्लाहरुमा जिल्लाव्यापी घोषणापत्र समेत तयार गरी जनमत संकलनका लागि गएका संविधानसभाका सभासदहरुलाई हस्तान्तरण गरिएको थियो ।

## ५) वृहत् प्रदर्शनी एवं बालबालिकाका दश लाख औंठाछाप हस्तान्तरण समारोह

यस अभियानको समापनको अवसरमा एक वृहत् समारोह आयोजना गरी राष्ट्रव्यापी रुपमा संकलित बालबालिकाका दश लाख औंठाछापको प्रतिक तथा संविधानमा छुटाउन नहुने बालबालिकाका विषयवस्तुहरु संविधान सभालाई हस्तान्तरण गरिएको छ ।

यसै अवसरमा एक भव्य प्रदर्शनीको आयोजना गरिएको छ जहाँ यस अभियानका आयोजक संघसंस्थाका नामहरु तथा राष्ट्रव्यापी रुपमा संकलित बालबालिकाका दश लाख औंठाछाप लगायत बालबालिकाका आवाज र अभिव्यक्तिहरु सार्वजनिक रुपमा प्रस्तुत गरिएका छन् ।



Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 13



## राष्ट्रिय अभियानको प्रक्रिया तथा सामाजिक परिचालनः

यो अभियान बालबालिकाका हितका निम्ति सबैको साझा अभियानको रुपमा अघि बढ्न सफल भएको छ र सामाजिक आन्दोलनको इतिहासमै सशक्त सामाजिक परिचालनको उदाहरण बन्न समेत सफल भएको छ ।

देशभरीका ७३९ वटा सक्रिय संघ-संस्था तथा निकायहरुले आ-आफ्ना जिल्लाहरुमा एक जिल्ला आयोजक समिति गठन गरेका छन् । यस समितिका सदस्यहरु नै राष्ट्रिय अभियानका आयोजक हुन् । जिल्ला आयोजक समितिमा जिल्ला बालकल्याण समिति, जिल्लामा कार्यरत संघ-संस्था, बालक्लब, शिक्षक युनियन, सञ्चार माध्यम तथा नेपाल बार, उद्योग बाणिज्य, शिक्षक लगायतका पेशागत संघ-संस्था तथा सरकारी निकायहरु समेतको बृहत सहभागिता रहेको छ ।



यस अभियानलाई सफल बनाउन जिल्लामा जिल्लामा स्थानीय रुपमा नै श्रोत परिचालन गरि आयोजक सदस्यहरुले आ-आफ्नो क्षमताअनुसारको सहयोग उपलब्ध गराएका छन् । जस्तैः कतिपय संस्थाले कार्यक्रमहरु सञ्चालन गर्न आर्थिक सहयोग जुटाएका छन् भने आर्थिक सहयोग गर्न नसकेपनि कतिपय संस्थाहरुले स्वयंसेवकहरु परिचालन गरेका छन् । त्यसैगरी कसैले सामग्रीहरुको सहयोग, कसैले कुनै एक कार्यक्रमको प्रायोजन, सञ्चार माध्यम मार्फत

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 14



सूचनाको प्रवाह आदि आ-आफ्ना क्षेत्र र क्षमता अनुसारको सहयोग जुटेको छ । यसरी स्वतःस्फूर्त रुपमा आआफ्नै स्वामित्वमा परिचालन भएकै कारण व्यापक रुपमा यो अभियान जिल्ला जिल्लामा सफल हुन पुगेको हो ।

अभियानलाई आवश्यक पर्ने मूख्य प्रचार सामग्रीहरु जस्तै पोस्टर पर्चा, स्टिकर, औठाछाप संकलन गर्ने विशेष आकृति युक्त कपडा, अभियान पुस्तिका आदि तयार गरी जिल्ला आयोजक समितिमा राष्ट्रिय सचिवालयबाट नै पठाइएको थियो । तर जिल्ला आयोजक समितिले आवश्यकता अनुसार थप सामग्रीहरु प्रकाशित समेत गरेका थिए । यस अभियानका सन्दर्भमा राष्ट्रिय सचिवालयबाट सञ्चालित सम्पूर्ण कार्यक्रमहरुका लागि भने सिविन–नेपाल, मार्फत प्लान नेपालले आर्थिक सहयोग पुऱ्याएको छ । बालअधिकारबसको लागि केही आर्थिक सहयोग भने सिपिसी नेपालले पनि गरेको छ ।

## नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान राष्ट्रिय अभियान जिल्ला स्तरीय आयोजक समिति बनेका ४८ जिल्लाहरु

| | |
|---|---|
| **पूर्वाञ्चलः** | इलाम, झापा, सिराहा, खोटाङ, भोजपुर, उदयपुर, मोरङ, सुनसरी, सप्तरी, संखुवासभा |
| **मध्यामाञ्चलः** | रौतहट, सिन्धुली, धनुषा, महोत्तरी, दोलखा, चितवन, काभ्रेपलान्चोक, मकवानपुर, बारा, पर्सा, धादिङ, सिन्धुपाल्चोक, काठमाडौं उपत्यका |
| **पश्चिमाञ्चलः** | स्याङ्जा, लमजुङ, तनहुँ, बाग्लुङ्ग, कपिलबस्तु, म्याग्दी, पाल्पा, कास्की, अर्घाखाँची |
| **मध्यपश्चिमाञ्चलः** | बाँके, बर्दिया, दैलेख, डोल्पा, मुगु, दाङ, रोल्पा, रुकुम, सल्यान, सुर्खेत, जुम्ला |
| **सुदूरपश्चिमाञ्चलः** | अछाम, बाजुरा, कैलाली, कञ्चनपुर, डडेलधुरा |

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 15





## राष्ट्रिय अभियानमा सूचना व्यवस्थापन

राष्ट्रिय अभियानका सम्पूर्ण गतिविधिहरुलाई एकिकृत र संग्रहित गर्न विशेष वेभसाइट www.baladhikar.org.np निर्माण गरिएको छ । जसमा राष्ट्रिय तथा जिल्ला स्तरमा भएका सम्पूर्ण गतिविधि तथा सूचनाहरुलाई संग्रहित तथा अध्यावधिक गरीएको छ । दैनिक रुपमा जिल्लाका गतिविधिहरु तथा बालअधिकार बस पुगेका जिल्लाका समाचार र तस्वीरहरु समेत यस वेभसाइटमा राखिएको छ ।

राष्ट्रिय सचिवालय रहेको सिविन–नेपालले अभियानको अवधि भित्र साप्ताहिक रेडियो कार्यक्रम (रेडियो सगरमाथा) तथा टेलिभिजन कार्यक्रम (नेपाल टेलिभिजन) मार्फत अभियानका गतिविधि एवं उपलब्धिहरुलाई जनमानसमा पुऱ्याउँदै आएको छ । यसका साथै देशका विभिन्न सञ्चार माध्यमहरुले अभियानको बारेमा समाचार सम्प्रेषण गर्दै आइरहेका छन् ।

अभियान सञ्चालित सबै जिल्लाहरुमा जिल्लागत गतिविधि तथा कार्यक्रमहरुको प्रतिवेदन, तस्वीर एवं श्रव्य दृश्य सामग्री संकलन गरिएको छ । जिल्ला आयोजक समित निर्माण भएका जिल्लाहरुले जिल्लागत प्रतिवेदनहरु राष्ट्रिय सचिवालयमा पठाएका छन् ।

यसरी जिल्लाहरुबाट संकलित सुचनाहरुको आधारमा राष्ट्रिय प्रतिवेदन प्रकाशित गरिएको छ । यसका साथै श्रव्य दृश्य सामग्री संकलन गरी एक विशेष डकुमेन्ट्री समेत तयार गरिएको छ । यी सामग्रीहरु वृहत् प्रदर्शनी एवं औंठाछाप हस्तान्तरण कार्यक्रममा लोकार्पण गरिएका छन् । अभियानमा सम्लग्न सबै संस्था तथा निकायहरुको नाम राष्ट्रिय अभियानको आयोजकका रुपमा उक्त राष्ट्रिय प्रतिवेदनमा समावेश गरिएका छन् ।

## राष्ट्रिय अभियानका मुख्य उपलब्धिहरू

- देशव्यापीरुपमा सक्रिय ७३९ वटा संघसंस्था तथा निकायको आयोजना तथा समाजका सबै तहका वयस्क एवम् लाखौं बालबालिकाहरुको स्वत:स्फूर्त एवं प्रत्यक्ष सहभागिता रहेको यस राष्ट्रिय अभियान देशको इतिहासमा नौलो एवं सबैभन्दा वृहत् अभियान सावित भएको छ । देशका ६७ जिल्लामा अभियान सम्बन्धी कुन न कुनै गतिविधिहरु सम्पन्न भएका छन् ।
- यस अभियान मार्फत् देशव्यापी रुपमा बालअधिकारको पक्षमा व्यापक लहर उठेको छ । विभिन्न जिल्ला, समुदाय तथा पृष्ठभूमिका लाखौं जनसमुदायले संविधानमा बालअधिकारको महत्वलाई बुझेर यस अभियानमा साथ दिएका छन् । यसबाट वास्तवमा नै बालअधिकार सबैको सरोकारको विषय हो भन्ने स्थापित भएको छ । नयाँ नेपालको संविधानमा बालअधिकार सुनिश्चित गरिनु पर्ने बिषयलाई सशक्त बनाएको छ । यस अभियानले "बालबालिका शान्ति क्षेत्र हुन्" भन्ने मान्यतालाई थप व्यापकता दिएको छ ।
- देशका ३६ जिल्लामा पुगेको **बालअधिकार बस**को नौलो प्रयोग र अभियानले बालअधिकारको पक्षमा बालबालिका एवं वयस्क तथा अन्य सरोकारवालाहरुको व्यापक ध्यानाकर्षण गरेको छ भने लाखौं बालबालिकाका सामु यो अभियान प्रत्यक्ष रुपमा पुग्न सफल भएको छ ।
- यस अभियानमा अर्थपूर्ण बालसहभागिताको उच्च प्रदर्शन भएको छ । जिल्ला जिल्लामा आयोजक समितिहरुले अभियानलाई सफल बनाउन सञ्चालन गरेका विविध कार्यक्रमहरु बालबालिकाकै नेतृत्वमा सञ्चालन भएका थिए भने अन्तरक्रियाहरु पनि बालबालिकाले नै सञ्चालन गरेका थिए ।
- लाखौं बालबालिकाहरुले देशको सबैभन्दा महत्वपूर्ण कानुन बनाउने प्रक्रियामा प्रत्यक्ष सहभागी हुने ऐतिहासिक अवसर पाएका छन् । बालबालिकाका दश लाख औंठा छाप मार्फत् नयाँ नेपालको संविधानमा कुल जनसंख्याको

करिब आधा भाग ओगटेका बालबालिकाको अपनत्व कायम भएको छ । यसका साथै "मैले चाहेको संविधान" बिषयक बालबालिकाको राष्ट्रव्यापी निबन्ध प्रतियोगिता मार्फत ४३ जिल्लाका झण्डै तीनहजार बालबालिकाले सहभागिता जनाएका छन् । एक हजार तीनसय एकाउन्न जना बालबालिकाहरुले व्यक्तीगत रुपमा नयाँ संविधानमा आ-आफ्ना सुझाव लेखी पठाएका छन् । यसका अतिरिक्त २६ जिल्लाका बालबालिकाले जिल्लास्तरिय रुपमा नै सुझाव तयार गरी पठाएका छन् । बालअधिकार बस पुगेका ३६ जिल्लाहरुमा उक्त बसमा गएको अभियान टोलीसंग प्रत्यक्ष रुपमा हजारौं बालबालिकाले सुझाव दिएका छन् । यसै गरी ४४ जिल्लाका विभिन्न विद्यालयहरुबाट समेत नयाँ संविधानमा समेटीनु पर्ने बालबालिकाका बिषयहरुका सम्बन्धमा सुझावहरु समेत प्राप्त भएका छन् ।

- संविधानसभा सदस्यहरु तथा समितिहरुले प्रत्यक्ष रुपमा धेरै बालबालिकासँग छलफल र परामर्श गर्न नपाए पनि यस अभियान मार्फत् लाखौं बालबालिकाका सुझाव तथा विचारहरु सुन्न, पढ्न वा थाहापाउन मद्दत मिलेको छ ।

- नेपालको नयाँ संविधानमा बालअधिकार स्पष्टरुपमा उल्लेख एवं सुनिश्चित गर्न सशक्त दवाव एवं सुझाव प्रस्तुत गर्न यस अभियान सफल भएको छ ।

- यस राष्ट्रव्यापी अभियानबाट संकलित बालबालिकाका सुझाव, भावना एवम् अभिव्यक्तिहरुलाई संविधान निर्माणको क्रममा आत्मसात् गर्न सकेमा पक्कै पनि नेपालको नयाँ संविधान बालअधिकार मैत्री हुनेछ र संसारमै बालअधिकार सम्मत संविधानको रुपमा स्थापित हुनेछ । देशको संविधान बालअधिकारमुखी भएमा मात्रै नयाँ नेपालमा बालबालिकाको भविष्य उज्वल हुने छ ।

## नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान !

# राष्ट्रिय अभियान २००९

## नयाँ संविधानका लागि बालबालिकासँग सम्बन्धित सुझावहरु

यस अभियानका क्रममा विभिन्न तरिका बाट देशभरीका जिल्लाका बालबालिका लगायत बाट प्राप्त सुझावहरुलाई सकेसम्म जिल्ला जिल्लामा बालबालिकाले व्यक्त गरेका भावना जस्ताको तस्तै रहने गरी संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ । प्राप्त विस्तृत सुझावहरु भने जिल्लागत रुपमा वृहत प्रतिवेदनमा समावेस गरिएको छ ।

- नयाँ संविधानमा बालअधिकारको स्पष्ट उल्लेख हुनु पर्दछ ।
- बालबालिकाको लागि पोषण, बास, लुगा, स्वास्थ्य उपचार, सुरक्षा, शिक्षा, परिचय, राष्ट्रियता, स्वतन्त्रता र खेल तथा मनोरञ्जनलाई मौलिक हकको रुपमा व्यवस्था गरी बालमैत्री संविधान निर्माण गरिनु पर्दछ ।
- बालबालिकाका सम्बन्धी छुट्टै मन्त्रालय र संवैधानिक बालअधिकार आयोग गठनको व्यवस्था हुनुपर्दछ ।
- अन्तराष्ट्रिय स्तरमा नेपाल पक्षबाट हस्ताक्षर भएका सन्धि, अभिसन्धिहरुलाई अक्षरस पालना गर्ने स्पष्ट कानुनको व्यवस्था गरी व्यवहारिक रुपमा कार्यान्वयन गरिनु पर्दछ ।
- नेपालमा संघीय शासन लागू भएमा सबै संघीय क्षेत्रमा बालबालिकाको हितको निम्ति विशेष कार्यक्रम ल्याउनु पर्दछ ।

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 19



## जन्मदर्ता, नागरिकता

- नेपालमा जन्मिएका सबै बालबालिकाको सहज रुपमा निःशुल्क जन्मदर्ता गराउने व्यवस्था हुनुपर्दछ ।
- आमा/बुबा दुवैको नामबाट नागरिकता पाउने सहज व्यवस्था गरिनु पर्ने । साथै आमा वुवा नभएका वा थाहा नभएका बालबालिकालाई संरक्षक वा बालगृहको सिफारिसमा नागरिकता प्रदान गर्ने व्यवस्था हुनुपर्दछ ।

## भेदभाव

- हालका कानुनी दस्तावेजहरुमा "बालक" भन्ने शब्द प्रयोग गरिएकोमा अब बन्ने संबिधान लगायत सबैमा "बालबालिका" भन्ने शब्द प्रयोग गरिनु पर्दछ ।
- गर्भावस्थामा विना भेदभाव हुर्कदै सुरक्षित जन्मन पाउनु पर्दछ । त्यसपछि पोषणयुक्त खाना, स्याहार, निःशुल्क खोप तथा स्वास्थ्य उपचार र शिक्षा सबै बालबालिकाले समान रुपमा पाउने व्यवस्था होस् ।
- कुनै पनि बालबालिकालाई उसको लिङ्ग, जात, परिवार, काम, क्षमता आदिको आधारमा कसैले पनि भेदभाव गर्ने चलनको अन्त्य हुनु पर्दछ ।
- बुबा आमाको सम्पतिमा जन्मनासाथ बालक र बालिकाको समान हक हुनुपर्ने साथै सबै कुरामा छोरा छोरी बीचको भेदभाव अन्त्य हुनु पर्दछ ।



Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 20



## स्वास्थ्य

- बालबालिकाको स्वास्थ्य, उपचारका लागि नेपालको प्रत्येक गाउँ विकास समिति, तथा स्थानिय स्तरमा अस्पतालको व्यवस्था हुनुपर्दछ ती अस्पतालहरुमा बालरोग विशेषज्ञ सहितको बालविभागको अनिवार्य व्यवस्था हुनुपर्दछ ।
- साथै एच्.आइ.भि., हेपाटाईटिस लगायत जस्तो सुकै रोग लागेपनि सरकारले सम्पूर्ण बालबालिकाको लागि निःशुल्क उपचार र औषधी व्यवस्था गरी बालबालिकाको स्वास्थ्यको जिम्मा सरकारले लिनु पर्दछ ।

## शिक्षा

- देशभरी नै सबै बालबालिकाका लागि एकैखाले शिक्षा लागू गरी बालबिकास कक्षा देखि १२ कक्षा सबैका लागि निःशुल्क र अनिवार्य हुने व्यवस्था गरिनु पर्दछ । शिक्षा गुणस्तरीय र व्यावसायिक र जीवनपयोगी हुनुपर्दछ । तथा कम्प्युटर शिक्षा अनिवार्य हुनुपर्दछ ।
- मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनु पर्दछ ।
- शिक्षा दण्डरहित, भयरहित र बालमैत्री वातावरणमा हुनुपर्दछ ।
- स-साना (४ देखि ८ वर्ष) बालबालिकाको लागि घरबाट १०-१५ मिनेटको दुरी भित्रै र अन्य बालबालिकाका लागि बढिमा ३० मिनेटको दूरी भित्रै विद्यालयको व्यवस्था गरिनु पर्दछ । जसका लागि गाविसका हरेक वडामा कम्तिमा प्रा.वि. र प्रत्येक प्राविमा कम्तीमा ५ जना शिक्षक (शिक्षिका सहित) हुनु पर्दछ साथै प्रत्येक गाउँ विकास समितिमा कम्तिमा एउटा उच्च मा.वि.को व्यवस्था गरिनु पर्दछ ।
- अपाङ्ग भत्तामा वृद्धी गरी फरक क्षमता भएका अथवा अपाङ्गता भएका बालबालिकाहरुको लागि विशेष शिक्षाको अधिकार पूर्ण रुपमा सुनिश्चित गरिनु पर्दछ ।

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 21



- हिमाली भेग र भौगोलिक विकटता भएका जिल्लाहरुमा आवासीय घुम्ती विद्यालयको व्यवस्था गर्नु पर्दछ ।
- कुनैपनि बहानामा विद्यालय बन्द, हड्ताल गर्नेकार्य रोक्नु पर्दछ ।
- समाजमा पछि पारिएका, गरिव, दलित, जनजाति, अल्पसंख्यक, लोपउन्मुख, समुदाय वा जातीका बालबालिकाका र अपाङ्गता रहेका र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनु पर्दछ साथै सबै विद्यार्थीलाई पौष्टिक आहारको व्यवस्था अनिवार्य गरिनु पर्दछ ।
- परिक्षामा लिखितमा मात्र सिमित नराखी निरन्तर मूल्याङ्कन हुने प्रणाली व्यवहारमा लागू गरिनु पर्दछ ।
- विभिन्न कारणले प्रारम्भिक शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकाको लागि सरकारले जिम्मा लिई उपयुक्त शिक्षा तथा सीप शिक्षाको व्यवस्था गर्नु पर्दछ ।
- मदरसा, गुम्बा र गुरुकुल शिक्षालाई समान सुविधा र मान्यता दिइनु पर्दछ ।
- धेरै बालबालिकाहरु श्रम गरेर जीविका चलाई रहेका हुन्छन् त्यस्ता बालबालिकाहरुको लागि उपयुक्त समयमा खुल्ने छुट्टै विद्यालय हुनु पर्दछ । तिनीहरुका लागि निः शुल्क शिक्षा, पोशाक, पाठ्य सामग्री, कम्तीमा एक छाक खानाको व्यवस्था र उपचारको व्यवस्था पनि हुनु पर्दछ ।
- एउटा कक्षामा २० देखि बढिमा ३० जना सम्म मात्र विद्यार्थी हुने व्यवस्था हुन पर्दछ ।
- शैक्षिक सामग्री (पाठ्यपुस्तक) निःशुल्क उपलब्ध गराउनुका साथै पाठ्यपुस्तकमा भएका प्रयोगात्मक सामग्रीको व्यवस्था हुनु पर्दछ ।
- मुस्लीम समुदायको शिक्षाको लागि अलग विद्यालय र अलग शिक्षा बोर्डको व्यवस्था गरिनु पर्दछ, मदरसालाई मान्यता र मौलानालाई शिक्षकको प्रमाण पत्रको व्यवस्था गरिनु पर्दछ ।

## किशोर किशोरीहरुलाई सुविधा

- बालबालिकाको आवश्यक दैनिक दिन गुजाराको लागि सरकारद्वारा विपन्न परिवार तथा किशोर–किशोरीहरुलाई व्याज रहित कर्जा प्रवाह गरिनु पर्दछ जुन कर्जा बालबालिकाको आवश्यक दिनचर्यामा खर्च गरिनु पर्दछ ।
- किशोर-किशोरीहरुको फरक आवश्यकतालाई ध्यानमा राखी उनीहरुलाई उचित शिक्षा, स्वास्थ्य र सीपमूलक तालिमको व्यवस्था हुनु पर्दछ ।

## बालबालिका र शान्ति

- बालबालिका एवं विद्यालय (विद्यालय, समुदाय, अस्पताल, आदि) लाई शान्ति क्षेत्र घोषणा गरी शान्त र सुरक्षित रुपमा बालबालिकाले विकास गर्ने अबसर प्रदान गरिनु पर्दछ ।
- कुनै पनि पक्षहरु वा राजनीतिक पार्टीहरुले विद्यालयलाई आवास क्षेत्रको रुपमा प्रयोग गर्ने र सभा/सम्मेलन, भेला जस्ता कार्यक्रमहरु सञ्चालन गर्न नपाइने नीतिको स्पष्ट व्यवस्था गरिनु पर्दछ ।
- राजनीतिक दलहरुले पार्टी स्वार्थका लागि बालबालिकाको प्रयोग गरेमा कानुनी दण्ड सजाय र जरिवानाको व्यवस्था गरिनु पर्दछ ।
- १८ वर्ष मुनिका बालबालिकाहरुलाई कुनै पनि सशस्त्र समुह तथा सेनामा भर्ती गर्न नपाइने स्पष्ट नीति ल्याइनु पर्दछ ।
- द्वन्दमा संलग्न गराईएका तथा श्रम गर्न बाध्य बालबालिकको उद्धार गरी समाजमा पुनः एकीकरणको लागि विशेष कार्यक्रम गरिनु पर्ने ।

**संरक्षण**

- सडक बालबालिका, यातायातको साधनमा काम गर्ने बालबालिका लगायत अत्यन्त जोखिम श्रममा संलग्न बालबालिकाको तत्काल उद्धार गरी उनीहरुको शिक्षा, स्वास्थ्य, पोषण सहित समाजिक पुनर्स्थापनको कार्यक्रम बन्नु पर्दछ। साथै नेपाललाई बालश्रमशोषण मुक्त देशको रुपमा घोषणा गरी कार्यान्वयन गरिनु पर्दछ।
- श्रमशोषण लगायत बालबालिका माथी हुने जातिय, भाषिक, धार्मिक, समाजिक आर्थिक, संस्कृतिक, लैङ्गिक, भौगोलिक आदि भेदभाव र दुर्व्यवहार (घरेलु हिंसा, यौन दुर्व्यवहार, बेचबिखन, बलात्कार, आदि) विरुद्ध कानुनी रुपमा कडा सजायको व्यवस्था गरी बालबालिका माथिहुने सबै खाले भेदभाव, शोषण र दुर्व्यवहारको अन्त्य गरिनु पर्दछ।
- बालबालिकालाई कुलतबाट जोगाउने जिम्मा परिवार, संरक्षक र राज्यले लिनु पर्दछ।
- धुम्रपान, मदिरा, लागुपदार्थ ओसरा पसार गर्न, किन्न बालबालिकाको प्रयोग गर्ने र बालबालिकालाई प्रयोग गराउने कार्यलाई तुरुन्त रोक्नु कडा कानुनको व्यवस्था गरी बालबालिकालाई प्रयोग गर्नेलाई सजायको व्यवस्था गरिनु पर्ने।
- कारागार तथा थुनामा रहेका आमा मार्फत जन्माइएका वा अभिभावकसँगै कारागारमा रहेका बालबालिकाहरुको आधारभूत शिक्षा, सुरक्षित आवास र स्वास्थ्य जस्ता बिषयहरुमा राज्यबाट नै व्यवस्था गरिनु पर्दछ।
- आमाबुबा विहिन नेपाली बालबालिकालाई धर्म पुत्र पुत्रीको रुपमा विदेशीलाई दिने चलन रोक्नु पर्दछ।
- उपयुक्त ठाउँहरुमा बालबालिका संरक्षणको लागि बालगृह, सामाजिकीकरण केन्द्र तथा बालसुधार गृहको स्थापना गरिनु पर्दछ।

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 24



## सामाजिक सुरक्षा

- अनाथ, एकल महिलाका बालबालिका, परिवारविहिन बालबालिका, सुस्त मनस्थिति भएका, अपाङ्गता भएका, श्रमिक, द्वन्द प्रभावित र सडक बालबालिकाको शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकताको जिम्मेवारी राज्य स्वयंले लिनु पर्दछ ।
- सरकारबाट उपलब्ध हुने तथा अन्य सेवा जस्तै यातायात, कानुनी आदि सेवा निःशुल्क व्यवस्था हुनु पर्दछ ।
- सामाजिक कलह वा अन्य कारणले बालबालिकाहरुलाई परित्याग गर्ने वा बालबालिकाले आफ्नो घर परित्याग गर्ने अवस्था सृजना गर्ने अभिभावकलाई कडा सजायको व्यवस्था हुनु पर्दछ ।

## बालसहभागिता

- संविधान निर्माणको क्रममा बालबालिकालाई अपरिपक्वको व्यवहार गरिनु हुँदैन उनीहरुको पनि सहभागिता आवश्यक छ । बालबालिकाको जीवनमा प्रभाव पार्ने कुनै पनि बिषयमा निर्णय लिंदा बालबालिकाको सहभागिता हुनु पर्दछ ।
- साथै स्थानीय शासनमा समेत बालबालिकाको अर्थपूर्ण सहभागिताको लागि बालबालिकासँग उनीहरुसँग सम्बन्धित बिषयहरुमा परामर्श र सहभागी गराइनु पर्दछ ।
- विद्यालय स्तरमा तथा गाउँमा गठन गरिने बालक्लबहरु समाज तथा विद्यालयको अभिन्न अङ्ग भएको हुँदा बालक्लब गठन, संचालन प्रकियाहरु, शिक्षा नियमावली र पाठ्यक्रममा नै सामावेश गरी उनीहरुको कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था शिक्षा विभाग तथा जिविस वा गाविसमार्फत राज्यले नै सुनिश्चित गर्नु पर्दछ

## नकारात्मक रीतिरीवाज तथा परम्परा

- बालबालिकाको जीवनमा नकारात्मक प्रभाव पर्ने रीतिरीवाज र सामाजिक परम्पराहरु जस्तै छाउपडि, कम्लहरी, गर्व मै हुँदा मग्नी गर्ने, बालविवाह र बालबालिका बेचबिखन, छोरी भएमा गर्भपतन लगायतलाई कानुनी र सामाजिक रुपमानै अपराधको रुपमा हेरी यस्ताखाले परम्पराको अन्त्य गरिनु पर्दछ ।

## बालबालिकामा लगानी

- राज्यले गा.वि.स. स्तरमा प्रदान गर्दै आएको बजेटको १०% बालबालिकाको क्षेत्रमा अनिवार्य रुपमा बिनियोजन गरिनुपर्दछ र उक्त बजेट बालबालिकाको हितका निम्ति खर्च गरिने व्यवस्था मिलाइनु पर्दछ ।

## बालन्याय

- सबै जिल्लामा बालअदालतको व्यवस्था गरी बालबालिका माथि हुने शोषण, दुर्व्यवहार, भेदभाव, बाट सुरक्षित गरिनु पर्दछ । साथै विज्याइँमा संलग्न बालबालिकाको कुनै पनि मुद्दालाई पहिलो प्राथमिकता दिई उनीहरुको विकासमा अवरोध पुऱ्याइनु हुँदैन ।
- बालबालिका एवं श्रमिक बाललिकामाथि हुने सबै खाले भेदभाव र अन्त्य गरी बालिका विकासको लागि विशेष व्यवस्था गरिनु पर्दछ ।
- बालबालिकाको अपहरण, ओसार पसार, बेचविखन, यौन दुर्व्यवहार तथा यौन शोषण र यौन व्यवसायलाई जघन्य अपराधको रुपमा लिई यसो गर्नेलाई कडा भन्दा कडा सजाय सहित पीडित बालबालिकाको क्षतिपूर्ति र विकासको लागि विशेष कानुनको व्यवस्था गरिनु पर्दछ ।

नयाँ संविधानको निर्माणः बालअधिकारको पूर्ण सम्मान !

# राष्ट्रिय अभियान २००९का आयोजकहरु

## पूर्वाञ्चल विकास क्षेत्र

### झापा
- आरआरएन
- सोभा समूह
- उप्का नेपाल
- सवाल नेपाल
- एसएससिटी नेपाल

### इलाम
- जिल्ला बालकल्याण समिति
- मानव अधिकार संजाल तथा शान्ति कार्य समूह
- उप्का नेपाल
- पत्रकार महासंघ
- मानव अधिकार मंच
- महिला बिकास कार्यालय
- सेतो गुराँस
- आरआरएन
- सामाजिक न्याय तथा दलित अधिकार संरक्षण मंच
- नाम्सालिङ्ग सामुदायिक बिकास केन्द्र
- इन्सेक

### मोरङ
- जिल्ला बालकल्याण समिति
- महिला बिकास कार्यालय.
- सेतो गुराँस
- नेपाल पत्रकार महासंघ
- युनिसेफ
- नारी विकास संघ
- सि.वि.आर.
- ईन्सेक
- सिविन नेपाल
- फरेन
- सेभ द चिल्ड्रेन
- बाल समाज नेपाल
- उप्का नेपाल

### सुनसरी
- उप्का नेपाल
- सेतो गुराँस
- गैसस महासंघ नेपाल
- ईन्सेक
- युनिसेफ
- महिला बिकास कार्यालय.
- आई.आर.सि.
- सेभ द चिल्ड्रेन
- फरेन नेपाल
- जिल्ला बालकल्याण समिति
- सिविन नेपाल

### भोजपुर
- सेतोगुराँस बालकल्याण संस्था
- महिला विकास कार्यालय
- जिल्ला बिकास समिति
- जिल्ला अस्पताल
- बालमन्दिर
- शिक्षक संगठन क्रान्तीकारी
- ने.रा.शि.संगठन
- ने.शि.संघ
- इक्सेक
- आर आर एन
- पत्रकार महासंघ
- सामूहिक अभियान
- सगरमाथा विकास संस्था
- महिला सहकारी संस्था

### सप्तरी
- जिल्ला प्रशासन कार्यालय
- महिला विकास कार्यालय
- युवा सशक्तिकरण संघ–नेपाल
- केस नेपाल
- जिल्ला विकास समिति
- जिल्ला जन स्वास्थ्य कार्यालय
- युनिसेफ
- सरस्वती सामुदायिक विकास केन्द्र
- नेपाल शिक्षक युनियन
- नेपाल पत्रकार महासघं
- जिल्ला शिक्षा कार्यालय
- श्रीपुराज सामुदायिक विकास केन्द्र

- मानव विकास नेपाल
- सम्झौता नेपाल
- जिस नेपाल
- छिन्नमस्ता बाल क्लव
- सेभ द सप्तरी

**सिराहा**

- भवानी एकिकृत सामुदायिक विकास मञ्च
- श्री पुराज सामुदायिक विकास सेवा समिति

**उदयपुर**

- सेभ द चिल्ड्रेन
- युनिसेफ
- महिला अधिकारका लागि एकता जागरण मञ्च
- गै.स.स. महासंघ
- सेतो गुराँस बालविकास सेवा
- जिल्ला बालकल्याण समिति
- इलाका बालविकास केन्द्र
- गै.स.स. समन्वय समिति
- महिला पुनरर्स्थापना केन्द्र
- बालअधिकार चेतना समूह
- हुरन्डेक
- जिल्ला बालसंरक्षण समिति
- सिएलआरसि
- जिल्ला विकास समिति
- त्रियुगा नगरपालिका
- जिल्ला स्वास्थ्य कार्यालय
- जिल्ला बालसंगठन
- चेलिबेटी क्लब
- नेसपेक उदयपुर
- दलित महिला संघ
- शान्ति समाज केन्द्र
- मूलधार महिला सेवा केन्द्र
- शिक्षक युनियन
- जिल्ला शिक्षा कार्यालय
- सिर्जनशील महिला समूह

**खोटाङ**

- बालसेवा समाज

## मध्यमाञ्चल विकास क्षेत्र

**धनुषा**

- आसमान नेपाल

**महोत्तरी**

- आसमान नेपाल

**सर्लाही**

- दलित सेवा सघं
- बालसंरक्षण सस्था

**सिन्धुली**

- जिल्ला शिक्षा कार्यालय
- जिल्ला बालकल्याण समिति
- प्याब्सन सिन्धुली
- सामुदायिक विकास कार्यक्रम
- मानवअधिकार संचार प्रतिष्ठान
- पत्रकार महासंघ
- जिल्ला बाल सञ्जाल

**दोलखा**

- गैर सरकारी संस्था महासंघ नेपाल
- ग्रामीण विकास टुकी संघ
- इकार्ड्स्
- हुराडेक

**रौतहट**

- प्लान नेपाल
- सेतो गुराँस बालविकास सेवा

**बारा**

- जिल्ला बालकल्याण समिति
- जनजागरण युवा क्लव
- प्लान नेपाल
- बाल संरक्षण नेपाल
- ग्रामिण विकास केन्द्र
- दलित जनजाती उत्थान केन्द्र
- सामाजिक संस्था जिल्ला समन्वय समिति
- ग्रामिण उत्थान अभियान
- हुरेक
- जिल्ला बालक्लब सञ्जाल
- हिमराइट्स
- महिला विकास कार्यालय
- सेतोगुराँस बाल विकास सेवा

**पर्सा**

- दिव्य युवा क्लब
- लोकतान्त्रिक गै.स.स.
- विकास नेपाल
- जि.वि.स
- ने.रे.सो.
- अरुणोदय युवाक्लब
- एन.जि.ओ.सी.सी.

- जिल्ला बालक्लव सञ्जाल
- बालकल्याण गृह
- महिला विकास कार्यालय
- पत्रकार महासंघ
- गै.संसं महासंघ
- नागरिक समाज
- शिक्षक युनियन
- मानवअधिकार संगठन
- हिमराइट्स
- जिबाकस

**चितवन**

- दियालो परिवार
- जिल्ला बाल कल्याण समिति
- सेतो गुराँस बाल विकास केन्द्र
- नेपाल बार एसोसियसन
- नेपाल पत्रकार महासंघ
- बालबालिका र युवाहरुको जिल्लास्तरीय सञ्जाल
- रेडियो श्रोता क्लव
- युवा समाज नेपाल
- नेपाल शिक्षक युनियन
- जिल्ला प्रहरी कार्यालय महिला सेल
- युनिसेफ
- एक्सन एड नेपाल
- गै.स.स. महासंघ
- युथ क्लव
- हाम्रो घर
- इन्सेक नेपाल
- बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान

**मकवानपुर**

- जिल्ला बाल कल्याण समिति
- सिविन हेल्पलाईन
- सेतो गुराँस
- बाल कल्याण समाज
- द्वन्द्व पीडित सहयोग समूह
- होस्टे हैंसे समूह
- प्लान नेपाल
- हिमराईटस्
- अनाथ अपाङग बाल पुर्नस्थापना केन्द्र
- नेपाल शैक्षिक सहयोग कोष
- यूथ वेलफियर सोसाईटी
- प्यावसन नेपाल
- महिला तथा बालबालिका विकास केन्द्र
- बालविकास संस्था
- एच.आर. सि.डि.सि.सि.

**काभ्रे**

- जिल्ला विकास समिति
- जिल्ला शिक्षा कार्यालय
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला बाल कल्याण समिति
- शान्ति जन आदर्श सेवा केन्द्र
- एस.ओ.एस. बालग्राम
- गैरसरकारी संस्था महासंघ
- लोकतान्त्रिक गैसस महासंघ
- सामाजिक संस्था जिल्ला समन्वय समिति
- कन्सर्न नेपाल
- सिविन नेपाल
- सामुदायीक कानुनी स्रोत केन्द्र
- आर्सो नेपाल
- बन्यजन्तु तथा वातावरण संरक्षण मञ्च
- समाज सेवा समुह
- बाल विकास सञ्चालन सेवा समुह
- आजाद उच्च मा बि,
- जिल्ला बाल क्लब संञ्जाल
- सेभ द चिल्ड्रेन
- युनिसेफ नेपाल

**काठमाडौं, भक्तपुर, ललितपुर**

- सिविन नेपाल
- एस.ओ.एस. नेपाल
- सिनेट नेपाल
- एटविन
- मानवअधिकार एलाइन्स
- डि.एन.एफ
- सेतो गुराँस
- जिल्ला बालकल्याण समिति ललितपुर
- आर.आर.एन.
- चाइल्ड हेल्पलाईन १०९८
- मार्टस नेपाल
- ग्लोबल एक्सन
- बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान
- सेभ द चिल्ड्रेन
- नेपाल बाल संगठन
- प्लान नेपाल
- वर्ल्ड भिजन
- गैरसरकारी संस्था महासंघ
- बालबालिकाका लागि कार्यरत गै.स.स. महासंघ

- कन्सोंटिएम
- कर्न्सन
- सिपिसिएस
- सांग्रिला अर्फानेज होम
- चाइल्ड हेभेन
- मर्निङ्ग स्टार
- परोपकार
- युसेप
- पिन नेपाल
- लु:निभा

**धादिङ्**

- गैर सरकारी संस्था महासंघ
- शिक्षक संगठन
- जिल्ला बालकल्याण समिति
- पत्रकार महासंघ

**सिन्धुपाल्चोक**

- टुकीसंघ सुनकोशी
- इन्सेक
- शिक्षक युनियन
- महिला आत्मनिर्भरता केन्द्र
- ग्रामिण महिला सिर्जनशील परिवार
- एसडिए चर्च
- महिला विकास कार्यालय
- सेभ द चिल्ड्रेन
- मित्रता संघ
- शक्ति समूह
- जिल्ला बाल सञ्जाल
- सिर्जनशील ग्रामिण उत्थान समूह
- नेपाल रेडक्रस सोसाइटी
- सेतो गुराँस
- वज फाउण्डेशन नेपाल
- फ्रेण्डस अफ साँखु
- पत्रकार महासंघ
- राजेन्द्र स्मृति प्रतिष्ठान
- एकिकृत हात्तेमालो ग्रामिण विकास संघ (इसाई)
- भ्वाइस अफ एफ.एम.
- जनजाति महासंघ
- दलित महासंघ
- नमोबुद्ध एफ.एम.
- ग्रामिण विकास समाज
- जिल्ला बाल कल्याण समिति
- समाज उत्थानका लागि संगठित समूह
- फस्ट स्टेप्स नेपाल
- नेपाल बाल संगठन
- जुगल सामुदायिक मञ्च
- रेष्ट नेपाल
- नेपाल लोककल्याणकारी समाज
- सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च
- गैर सरकारी संस्था महासंघ
- जिल्ला बाल संरक्षण समिति

## पश्चिमाञ्चल विकास क्षेत्र

**लमजुङ**

- जिल्ला बालकल्याण समिति
- जि.वि.स.
- जि.शि.का.
- जिल्ला जन स्वा.का.
- जिल्ला सरकारी वकिलको कार्यालय
- जि.बा.क.स.
- महिला तथा बालबालिका सेवा केन्द्र
- जि.प्र.का.,
- वर्ल्ड भिजन लमजुङ ए.डि.पी.
- महिला आपसी सहयोग केन्द्र
- चेस नेपाल
- ग्रा.सा.वि.के.
- स्वावलम्वी समाज सेवा केन्द्र
- पत्रकार महासंघ
- सेतो गुराँस
- महिला जागरण संस्था
- दलित महिला जागरण संस्था
- मर्स्याङ्ग्दी एफ्.एम्.
- नौलो सुनगाभा बालपत्रिका
- जिल्ला बालक्लब सञ्जाल
- शिक्षक युनियन
- नेपल शिक्षक संघ
- नेपाल शिक्षक संगठन
- अखिल नेपाल शिक्षक संगठन
- राष्ट्रिय शिक्षक परिषद
- गैसस महासंघ
- लोकतान्त्रिक गैसस महासंघ
- बाल संरक्षण गृह
- आदर्श महिला सीप विकास बहुउद्देश्यीय केन्द्र
- सफर

- इन्सेक
- लक्ष्मीनारायण पुस्तकालय
- मानवअधिकार तथा शान्ति समाज
- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना
- लमजुङ उद्योग वाणिज्य संघ
- नेपाल निजामति कर्मचारी युनियन
- राष्ट्रिय कर्मचारी संगठन
- बार इकाइ
- नेपाल रेडक्रस सोसाइटी
- दलित सेवा संघ
- तमु छोंज धिं
- नेपाल तामाङ घेदुङ संघ
- नेपाल मगर संघ
- नेपाल चेपाङ संघ
- गा.वि.स. सचिव हक हित संरक्षण केन्द्र
- कर्मदा साप्ताहिक
- लमजुङ जागरण साप्ताहिक
- लमजुङ आवाज साप्ताहिक
- लमजुङ हाइलाइट साप्ताहिक
- लमजुङ मिरर साप्ताहिक

**स्याङ्जा**

- जिल्ला प्रशासन कार्यालय
- जिल्ला बालकल्याण समिति
- जिल्ला प्रहरी कायालय
- जिल्ला बिकास समिति
- जिल्ला शिक्षा कार्यालय
- जिल्ला स्वास्थ्य कार्यालय
- महिला बिकास कार्यालय
- पुतलीवजार न.पा
- वालिङ्ग न.पा
- नेपाल शिक्षक युनियन
- रेडक्रस सोसाईटी
- जिल्ला ट्राफिक प्रहरी कार्यालय
- उद्योग बाणिज्य संघ
- उद्योग बाणिज्य संघ
- गै.स.स.महासंघ
- प्याव्सन
- आपसि सहयोग केन्द्र
- सभापती, नेपाल मानव अधिकार संगठन
- सभापती, मानव अधिकार तथा शान्ति समाज
- नेपाल पत्रकार महासंघ
- मानव अधिकार प्रवर्धन केन्द्र
- सहारा समूह
- इन्सेक
- प्रेस युनियन
- स्याङ्गजा दर्पण साप्ताहिक
- नेपाल बाल संगठन,
- मानव अधिकार संरक्षण मञ्च
- सेतो गुराँस बाल विकास केन्द्र
- आदिवासि जनजाति जिल्ला समन्वय समिति,
- ईनर्जेटिक क्लव
- कम्युनिटी सर्पो ग्रुप
- विसवास
- जिल्ला स्तरिय बालक्लव नेटवर्क
- संकल्प सहयोग समूह
- स्याङ्गजा सपोर्ट ग्रुप
- सूर्योदय क्लव
- स्याङ्गजा नेत्रहिन संघ
- नेपाल शिक्षक संघ
- नेपाल राष्ट्रिय शिक्षक संगठन
- अखिल नेपाल शिक्षक संगठन
- गाविसहरु
- सेभ द चिल्ड्रेन
- सदस्य सचिब

**कास्की**

- जिल्ला बालकल्याण समिति
- जिल्ला शिक्षा कार्यालय
- पोखरा उद्योग बाणिज्य संघ
- सिविन हेल्पलाइन
- जिल्ला बालमञ्च
- पोखरा उपमहानगरपालिका
- शक्ति समुह
- सेतो गुराँस
- अशोका नेपाल
- पत्रकार महासंघ
- मुस्कान क्लव
- बालहितकारी परियोजना नेपाल
- बालगृह सञ्जाल
- कोपिला नेपाल

**पाल्पा**

- जिल्ला बालकल्याण समिति
- जेएमसी पाल्पा
- पत्रकार महासंघ पाल्पा
- युथ एक्सन नेपाल

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 31



- ग्रामिण आर्थिक बिकास संघ
- युवा मञ्च
- बाल मञ्च
- परिवार नियोजन संघ
- मानवअधिकार तथा शान्ति समाज
- प्रो पब्लिक
- नेपाल शिक्षक युनियन
- शान्ति र बिकासका लागि युवा
- इन्सेक
- करियार ग्रुप
- गैरसरकारी महासंघ
- नेपाल वार एसोसिएसन

**कपिलवस्तु**

- जिल्ला बालकल्याण समिति
- एडभोकेसी फोरम
- सहज नेपाल
- जन स्वास्थ्य कार्यालय
- जिल्ला अदालत
- जिल्ला पारालिगल कामिटि
- सेभ द चिल्ड्रेन
- सेतो गुराँस
- जिल्ला प्रहरी
- इन्सेक
- पत्रकार महासंघ
- पश्चिम नेपाल यातायात
- कालिका स्वास्थ्य सामाजिक केन्द्र
- गै.स.स. महासंघ
- जिल्ला बालक्लब सञ्जाल
- जिल्ला प्रशासन कार्यालय

**अर्घाखाँची**

- समाजसेवा तथा सृजनाशील केन्द्र (सिसेक)
- महिला विकास कार्यालय
- शिक्षक युनियन
- जिल्ला विकास समिति
- प्याब्सन
- शैक्षिक गुठी
- गैर सरकारी संस्था महासंघ
- नेपाल रेडक्रस सोसाइटी
- उत्पीडित तथा जनजाति विकास परिषद
- पर्यावरण संरक्षण केन्द्र
- सामुदायिक रेडियो देउराली

**बाग्लुङ**

- जिल्ला शिक्षा कार्यालय
- जिल्ला विकास समिति
- जिल्ला बाल कल्याण समिति
- जिल्ला जनस्वास्थ्य कार्यालय
- लेखानी सामुदायिक श्रोत विकास केन्द्र
- बागलुङ वहिरा संघ
- सेतो गुराँस बाल विकास सेवा
- फरक क्षमता भएकाहरुको राष्ट्रिय परिषद
- गाजा युवा क्लव
- आमा मिलन केन्द्र
- आत्म निर्भर विकास मञ्च
- प्लान नेपाल
- भिमपोखरा युवा क्लव
- चारतारे युवा क्लव
- बाल क्लव जिल्ला संजाल
- धौलागिरी एफ.एम
- बागलुङ एफ.एम
- सयपत्री एफ.एम
- ढोरपाटन दैनिक
- धौलागिरी जागरण,
- कालिका साप्ताहिक,
- बागलुङ अर्ध साप्ताहिक
- नेपाल शिक्षक युनियन
- अखिल नेपाल शिक्षक युनियन
- नेपाल राष्ट्रिय शिक्षक संगठन
- नेपाल विद्यार्थी संगठन
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन क्रान्तिकारी
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन छैठौं
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन एकिकृत

**म्याग्दी**

- जिल्ला प्रशासन कार्यालय
- जिल्ला बाल कल्याण समिति
- जिल्ला बाल संरक्षण समिति
- जिल्ला बाल संजाल
- गै स स महासंघ
- नेपाल बाल संगठन

- नेपाल रेडक्रस सोसाइटी
- उद्योग बाणिज्य संघ
- शिक्षक युनियन
- नेपाल बार एशासियसन
- नेपाल पत्रकार महासंघ
- दलित उत्थान जिल्ला समन्वय समिति
- आदिवासी जनजाती जिल्ला समन्वय समिति
- नेपाल अपांग संघ म्याग्दी

## मध्यपश्चिमाञ्चल विकास क्षेत्र

### दाङ

- जि.बा.क.स.
- जि.शि.का.
- नवजागरण बाल आश्रम
- सिड संस्था
- सहयोग समाज नेपाल
- राडार दाङ
- वेस दाङ

### रोल्पा

- जि.प्र.का.
- जि.शि.का.
- जिल्ला निर्वाचन कार्यालय
- जि.बा.क.स.
- सिविन–नेपाल
- आर.आर.एन.
- नेपाल पत्रकार महासंघ
- हुरेक
- उवाक नेपाल
- नेपाल मानव अधिकार संगठन
- बालक्लब सञ्जाल
- सुर्यमुखी बालक्लब
- भि.सी.पी.
- सुर्य बालअधिकार मञ्च

### सल्यान

- जिल्ला शिक्षा कार्यालय
- जिल्ला बाल कल्यान समिति
- सिविन नेपाल
- दलित विकास समाज
- कल्यानकारी अपाङ्ग महासंघ
- शारदा नेपाल
- उद्योग बाणिज्य संघ
- शिवजन उ.मा.वि.सितलपाटी
- बाल अधिकार मञ्च जिल्ला सञ्जाल

### रुकुम

- जिल्ला बाल कल्याण समिति
- जि.वि.स.कार्यालय
- एकिकृत ने.क.पा.माओवादी
- नेपाली कांग्रेस
- नेकपा एमाले
- राष्ट्रिय जनमोर्चा
- रा.प्र.पा.
- जि.शि.का.
- महिला विकास कार्यालय
- को.ले.नि.का.
- सि.एस.पी.
- जिटिजेड
- यु एम एन
- नेपाल रेडक्रस सोसाइटी
- मिक नेपाल
- जिल्ला बाल सञ्जाल
- युवा सञ्जाल जिल्ला समिति
- खिष्टिय समाज
- सुरक्षित मातृत्व सञ्जाल
- हुरेडकार्स
- हरप्लेस
- राडार
- बेस
- नेपाल जनजागरण मञ्च
- सर्च फर कमन ग्राउण्ड नेपाल
- अपांग संरक्षण मञ्च रुकुम
- रुकुमेली समाज विकास केन्द्र
- डिप्रोक्स नेपाल
- ओसीडिसी
- सानोभेरी एफ एम
- एभिन्यूज टेलिभिजन
- कान्तिपुर प्रतिनिधि
- नेपाल समाचार पत्र
- जन्तीधारा
- नयाँ यात्रा
- नयाँ पत्रिका प्रतिनिधि
- गणतन्त्र दैनिक प्रतिनिधि
- नयाँ समावेशी आवाज
- गोरक्ष दैनिक
- सगरमाथा टि.भि. प्रतिनिधि
- रेडियो नेपाल प्रतिनिधि
- ई आई जी

### बाँके

- जिल्ला बाल कल्याण समिति

- जिल्ला शिक्षा कार्यालय
- महिला विकास कार्यालय
- सिविन हेल्पलाईन नेपालगंज
- जिल्ला बालक्लव संजाल
- मानवअधिकार चेतना समूह
- बागेश्वरी लायन्स क्लव
- लुथरन विश्व सेवा नेपालगंज
- एडभोकेसी फोरम
- इन्सेक नेपालगंज
- सेतो गुराँस बाल विकास सेवा
- सेभ द चिल्डेन
- एक्सन एड नेपालगंज
- जिल्ला अदालत
- फोर्स नेपाल
- युनिसेफ नेपालगंज
- राईजिड. आईडल नेपालगंज
- एच एन एल सी बाँके
- नेपाल बाल संगठन
- राष्टिय मानवअधिकार आयोग नेपालगंज
- साथी क्षेत्रिय कार्यालय नेपालगज
- स्याक नेपाल, नेपालगंज
- रेडियो भेरी आवाज .
- बागेश्वरी एफ एम
- सेतो गुराँस बालविकास केन्द्र
- महिला तथा बालविकास केन्द्र
- नेपाल पत्रकार महासंघ
- सेभ द चिल्ड्रेन

**बर्दिया**

- जिल्ला प्रशासन कार्यालय
- जिल्ला विकास समिति
- जिल्ला शिक्षा कार्यालय
- जिल्ला स्वास्थ्य कार्यालय
- जिल्ला बाल कल्याण समिति
- दलित सेवा संघ
- वेश
- एफ.एन.सी
- आवाज बर्दिया
- प्लान नेपाल
- एडभोकेसी फोरम
- सेतो गुराँस बाल विकास सेवा
- उद्योग वाणिज्य संघ
- गैसस, महासंघ
- जि.बा.क.स.
- बार एशोसीएसन
- ने.रे. सोसाइटी
- नेपाल पत्रकार महासघ
- नेपाल मानव अधिकार संगठन

**सुर्खेत**

- जिल्ला बाल कल्याण समिति
- जि.वि.स.कार्यालय
- जिल्ला शिक्षा कार्यालय
- जिल्ला जनस्वास्थ्य कायर्यालय
- महिला विकास कार्यालय
- दलित सेवा संघ
- आवाज
- सेतो राष्ट्रिय बाल विकास सेवा
- जिल्ला बाल मञ्च
- सुरक्षित समाज
- जिल्ला युवा मञ्च
- नजवज्योति केन्द्र
- वाम संस्था
- वालयुवा सूचना केन्द्र
- निभा अभियान
- नेपाल पत्रकार महासंघ
- नेपाल शिक्षक युनियन
- ने.रा.शि. संगठन
- नेपाल शिक्षक संघ
- अ.ने.शि. संगठन
- जागरण एफ.एम.
- सुर्खेत एफ.एम.
- भेरी एफ.एम.
- रेडियो नेपाल क्षे.प.केन्द्र
- काँक्रेविहार दैनिक
- लोकमञ्च दैनिक
- युवा शसक्तिकरण मञ्च
- ने.शि. परिषद
- वुलवुले एफ.एम.
- रेडियो भे.क. एफ.एम.
- वीरेन्दंनगर जेसिज
- जिल्ला खेलकुद विकास समिति
- एस.ओ.एस. बालग्राम
- प्याव्सन

**दैलेख**

- महिला विकास कार्यालय
- जि.शि.का. दैलेख

- जिल्ला विकास समिति
- नेपाल वाल संगठन
- आवाज दैलेख
- दलित जागरण केन्द्र
- नेपाल प्रत्रकार महासंघ
- नेपाल परिवार नियोजन संघ
- सामाजिक सेवा केन्द्र

**डोल्पा**

- जिल्ला शिक्षा कार्यालय
- महिला बिकास कार्यालय
- जिल्ला कालकल्याण समिति
- डिप्रोस
- किर्डाक
- सिर्जनात्मक बाल क्लब

**मुगु**

- जिल्ला शिक्षा कार्यालय
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला प्रहरी कार्यालय
- किर्डाक नेपाल
- जिल्ला बाल कल्याण समिति
- युनाइटेड मिसन टु नेपाल
- सप्रोस नेपाल
- मलिका सामुदायिक विकास केन्द्र
- दुर्गम क्षेत्र महिला बालबालिका उत्थान केन्द्र
- जिल्ला बाल संजाल
- डार्डो नेपाल
- सुदुरपश्चिमाञ्चल विकास क्षेत्र

**कैलाली**

- जिल्ला प्रशासन कार्यालय
- जिल्ला विकास समिति
- महिला बिकास शाखा
- राष्ट्रिय मानव अधिकार आयोग
- सेभ द चिल्ड्रेन
- बेस
- नेपाल रेडक्रस सोसाइटी
- बर्ल्ड भिजन ईन्टरनेशनल
- गै.स.स. महासंघ
- गुरुकुल एकेडेमी,
- नेपाल राष्ट्रिय दलित कल्याण संघ
- ओरेक नेपाल,
- नारी उत्थान केन्द्र,
- दिप ज्योति म. बि. कि. सहकारी संस्था लिमिटेड
- महिला पैरबी मंच
- पंचोदय उच्च मा.बि.
- नेपाल अपांग संघ
- माईती नेपाल
- फाया नेपाल
- मुक्त कमैया समाज

**अछाम**

- जिवाकस
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला शिक्षा कार्यालय
- महिला विकास कार्यालय
- जिल्ला विकास समिति
- नारी चेतना केन्द्र
- पीसविन
- रेडियो नेपाल
- गैसस महासंघ
- वाक, अछाम
- गंगोत्री ग्रामिण विकास मंच
- यूनिसेफ
- सेभ द चिल्ड्रेन
- शोडषा उमावि
- महिला अधिकार मंच
- प्यारालिगल समिति
- इन्सेक
- रेडियो रामारोशन
- जिल्ला बालअधिकार सरोकार मंच
- जिल्ला स्वास्थ्य कार्यालय
- शिक्षक संगठन
- शिक्षक संघ
- लाईफ नेपाल
- दलित एकता मंच
- जिल्ला बालसंरक्षण संजाल
- पत्रकार महासंघ
- जिल्ला अपांग संघ
- कान्तिकारी शिक्षक संगठन

**बाजुरा**

- जिल्ला बालकल्याण समिति
- महिला विकास कार्यालय
- नेपाल रेडक्रस सोसाइटी
- गै.स.स. महासंघ
- लोकतान्त्रिक गै.स.स. महासंघ
- नेपाल पत्रकार महासंघ
- रेडियो बाजुरा
- रा.स.स. ⁄ सगरमाथा
- पिसविन बाजुरा

Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 35



- नेपाल मानवअधिकार संगठन
- जिल्ला बालअधिकार मञ्च
- गिफ्ट बाजुरा
- मानव संसाधन केन्द्र एच.आ.सी.
- शान्ति र विकासका लागि युवा
- अशल शासन क्लब
- जिल्ला महिला अधिकार मञ्च
- जिल्ला दलित नेटवर्क
- जिल्ला अपाङ्ग कल्याण संघ
- बालमन्दिर प्रा.वि.
- च्यापिन नेपाल
- आर.डि.सी.
- हलिया मुक्ति उत्थान समाज
- सप्रोस नेपाल
- सर्च फर कमन ग्राउण्ड
- नेपाल भोट जनजाती महासंघ

**कञ्चनपुर**

- जिल्ला बालकल्याण समिति
- महिला विकास कार्यालय
- एन.एन.एस.डब्लू.ए.
- स्विट नेपाल
- रुडुक
- थारु महिला मन्च
- बाल अनाथालय
- जिल्ला बाल संन्जाल

**डंडेल्धुरा**

- मानवअधिकार जनजागरण अभियान केन्द्र
- नेपाल पत्रकार महासंघ डडेल्धुरा शाखा
- ग्रामिण वातावरण विकास केन्द्र
- ग्रामिण सुधार मञ्च
- सामाजिक जागरण मञ्च
- महिला मुक्ति समाज
- राष्ट्रिय हलिया मुक्ति समाज महासंघ
- नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ
- सामुदायिक विकास मञ्च
- मानवअधिकार एलायन्स
- ग्रामिण विकास प्रबर्द्धन केन्द्र
- दलित महिला संघ
- एन.एन.एस.डब्लू.ए.
- दलित महिला अधिकार मञ्च
- जिल्ला शिक्षा कार्यालय
- जिल्ला बालकल्याण समिति
- महिला विकास कार्यालय
- अमरगढी पोष्ट दैनिक
- विकास विकास


***राष्ट्रिय अभियान संयोजन सचिवालय***

**सिविन–नेपाल**, रविभवन, काठमाडौं ।

फोन: ०१-४२७१६५८, फ्याक्स: ०१-४२७८०१६

इमेल: crcampaign2009@gmail.com

वेबराइट: www.baladhikar.org.np




Campaign Report 09.qxp 9/7/2009 2:20 AM Page 36

"नयाँ संविधानको निर्माण:बालअधिकारको पूर्ण सम्मान"

## राष्ट्रिय अभियानका विविध कार्यक्रमहरु सम्पन्न भएका ६७ जिल्लाहरु




१. अर्घाखाँची
२. अछाम
३. बाग्लुङ
४. बाजुरा
५. बाँके
६. बारा
७. बर्दिया
८. भक्तपुर
९. भोजपुर
१०. चितवन
११. दार्चुला
१२. दोलखा
१३. दाङ
१४. धनकुटा
१५. धादिङ
१६. धनुषा
१७. डोल्पा
१८. डडेलधुरा
१९. दैलेख
२०. गोरखा
२१. गुल्मी
२२. हुम्ला
२३. इलाम
२४. जाजरकोट
२५. जुम्ला
२६. झापा
२७. कञ्चनपुर
२८. कैलाली
२९. कपिलबस्तु
३०. काभ्रेपलान्चोक
३१. काठमाण्डौ
३२. कास्की
३३. कालिकोट
३४. खोटाङ
३५. ललितपुर
३६. लम्जुङ
३७. मकवानपुर
३८. मोरङ
३९. महोत्तरी
४०. मुगु
४१. मुस्ताङ
४२. म्याग्दी
४३. नवलपरासी
४४.नुवाकोट
४५. ओखलढुङ्गा
४६. पर्वत
४७.पाल्पा
४८.पर्सा
४९. रुकुम
५०. रोल्पा
५१. रुपन्देही
५२. रसुवा
५३. रौतहट
५४. रामेछाप
५५. सर्लाही
५६. सप्तरी
५७. सिराहा
५८. सिन्धुली
५९. सुनसरी
६०. सिन्धुपाल्चोक
६१. स्याङ्जा
६२. सल्यान
६३. संखुवासभा
६४. सुर्खेत
६५. सोलुखुम्बु
६६. तनहुँ
६७. उदयपुर

बालअधिकार बस पुगेका जिल्लाहरु

* बाँकी ८ जिल्लाहरुमा राष्ट्रिय अभियान सम्बन्धी गतिविधिहरु भएको आधिकारीक जानकारी सचिवालयलाई प्राप्त भएन